हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट
LAHANPOST DAILY

वर्ष : ०१ अंक : २२० पृष्ठ : ४ २०७७ फाल्गुन २८ गते शुक्रबार (Friday 12 March 2021) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६

जे.डी.

स्टेशनरी एण्ड स्पोर्टर्स सेन्टर

लहान-६



यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

# सिमेन्ट उद्योगको 'टिपर आतंक'

■ बिनय यादव

सडकक्षेत्रमा कुहिरो लागेको जस्तै देखिन्छ । सर्वसाधारण कसैले लखेटेजस्तै दगुरेर सडक पार गर्दैछन्, कोही मास्क लगाएर, त कोही कपडा र हातले मुख नाक छोपेर हिँडिरहेका हुन्छन् । जाडोको मौसम भएर यो ठाउँमा कुहिरो लागेको जस्तो देखिएको होइन, न त कोरोनाको त्रासले सर्वसाधारणले मुख नाक छोपेका हुन् ।

कारण हो, टिपर आतंक अनि 'धुलो' र 'धुवाँ' । मिर्चैया–कटारी चोकमा हुने सर्वसाधारणका लागि यो नचाहँदा नचाहँदै खानुपर्ने विषजस्तै भइसकेको छ । कटारी चोक एउटा उदाहरण मात्रै हो, मिर्चैयादेखि करिब ३ किलोमिटर पूर्वमा अवस्थित मारूती सिमेन्ट उद्योग र मिर्चैयाको पश्चिम छेउमा अवस्थित सौर्य सिमेन्ट उद्योगका टिपर चल्ने भित्री पहाडको खानीदेखि सिमेन्ट उद्योगसम्मको सडकखण्ड आसपासको जनजीवन उस्तै छ ।



टिपरले लिएर आउने चुन ढुंगाको धुलो उड्दा सडकक्षेत्र धुलाम्य हुनुका साथै बढ्दो वायु प्रदूषणबाट सर्वसाधारणको स्वास्थ्यमा प्रत्यक्ष असर पर्न थालेको छ । सिमेन्टको कच्चा पदार्थका रूपमा रहेको चुन ढुंगा बोकेको ट्रक त्रिपालले छोपिएर ल्याए पनि त्यसको कण र धुलो उड्ने गरेकाले वायु प्रदूषण बढ्नुका साथै ड्युटीमा सुरक्षाकर्मी तथा सर्वसाधारणको स्वास्थ्यमा प्रतिकूल असर पर्ने गरेको गुनासो बढ्दै गएको छ । चुन ढुंगाको धुलो उडेर आँखा, नाक, मुखमा पस्ने गरेका कारण स्वास्थ्यमा असर पर्ने गरेको हो । निरन्तरको धुवाँ र धुलोले स्थानीयको स्वास्थ्यमा विभिन्न प्रकारका समस्या निम्तिन थालेका छन् । सम्बन्धित निकायले चुन ढुंगा ल्याउने कामलाई व्यवस्थित गर्नुपर्ने माग स्थानीयवासीको छ । 'टिपर आतंकले यहाँ बसिसक्नु छैन,' कटारी चोकमै किराना पसल सञ्चालन गरिरहेका स्थानीय व्यवसायी मनोज साहले भने, 'मेरा घरबेटीले आफ्ना

बाँकी ३ पेजमा

## घर भाडामा चाहिएमा




लहान नगरको महेन्द्र राजमार्गको ३ नं रोडमा सोनालिका ट्र्याक्टरको १० वर्षसम्म शोरुम रहेको करिब तीन कठ्ठा कम्पाउण्ड वाल सहितको घर भाडाका लागि खाली छ । ट्र्याक्टर, कार–जिप, मोटरसाइकल शोरुम–वर्कशप, बैंक–बित्तीय संस्था, होटल, डिपार्टमेन्टल स्टोर आदिका लागि अत्यन्त उपयुक्त घर–कम्पाण्ड आवश्यक पर्ने व्यक्ति, फर्म, वा संघ–संस्थाले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. र ठेगाना

मो.नं. ९८१६७६८९५०, ९८५२८३०९५०

कुशवाहा चौक, लहान–३ नं. रोड

सोनालिका ट्र्याक्टर रहेको घर

# महाशिवरात्रीको अवसरमा शान्ति पद यात्रा

■ फिरोज शेख

८५ औ महाशिवरात्री पर्वको शुभ अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र लहानले बिहीबार विभिन्न कार्यक्रम गरी महाशिवरात्री पर्व मनाएका छन् ।

ब्रह्माकुमारी राजयोग सेवा केन्द्र लहानले आयोजना गरेको शान्ति पद यात्राले लहानको विभिन्न भागको परिक्रमा गरी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र लहानमा पुगी सम्पन्न भएको थियो । त्यस्तै शिवरात्रीको अवसरमा दिउसो १ बजे देखि शिव भण्डोत्तोलन, शिबलिंग पुजन, शान्ति, समृद्धि तथा स्वर्णिम युगका लागि वैश्विक जागृती तथा आध्यात्मिक बिषयबस्तु माथि प्रवचनका साथै सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । तर ब्रह्माकुमारी




राजयोगको मुख्य कार्यालय माउन्ट अबु राजस्थानकी प्रमुख राजयोगीनी दादि गुलजारको बिहीबार विहान करिब ११ बजे असमायिक निधन भएको हुँदा सबै कार्यक्रमहरू स्थागित गर्नु परेको ब्रह्माकुमार बबिन बस्नेतले जानकारी दिएका छन् ।

ब्रह्माकुमार बबिन बस्नेतका अनुसार दादि गुलजारले ८५ औ महाशिवरात्री पर्वको शुभ अवसरकै दिन आफ्नो भौतिक शरीर त्याग गरी अवेक्त स्थितिको आरोहन गर्नु भएको कारण सम्पूर्ण उत्सवका कार्यक्रमहरू स्थगन गरी उनको आत्माको चिर शान्तिको कामना गर्दै श्रद्धाञ्जली तथा मेडिटेसन कार्यक्रम गरिएको बताए । जनकपुर जोन इन्चार्ज ब्रह्माकुमारी सिर्जना दिदिको अध्यक्षतामा श्रद्धाञ्जली तथा मेडिटेसन कार्यक्रम सम्पन्न भएको थियो ।







फ्रेन्डस मोडेल हस्पिटल, लहान-४

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू

NICU सहितको प्रसुति सेवा

२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू

| | |
|---|---|
| बालरोग विशेषज्ञ | डा. वृजेन्द्र यादव |
| मधुमेह, प्रेसर | डा. ल्युस्युन यादव |
| प्रसुति रोग विशेषज्ञ | डा. विरेन्द्र यादव |

## हाम्रो स्वास्थ्य

# जथाभावी पेन किलरको प्रयोगले मिर्गौला रोगको जोखिम – डा. प्रेम ज्ञवाली



प्रा. डा. प्रेम ज्ञवाली

बिहीबार विश्व मिर्गौला दिवस । विश्व स्वास्थ्य संगठनले मिर्गौला रोगको बारेमा जनचेतना जगाउने एवं यसको न्यूनीकरणको लागि भन्दै २००६ देखि मार्चको दोस्रो बिहीबार यो दिवस मनाउन सुरु गरेको हो ।

पेट र ढाडको बीचमा दुवैतिर सिबीको आकारको ४–५ इन्च लामो एक अंग रहेको हुन्छ । त्यसैलाई हामी मिर्गौला भन्छौ । यसले रगतमा मिसिएको फोहोरलाई पिसाबको माध्यमबाट शरीरबाहिर फ्याँक्ने गर्छ । यसले खनिज र नुनलाई सन्तुलनमा राख्ने गर्छ । मिर्गौला खराब हुँदा पिसाब धमिलो हुने, धेरै पटक वा कम पिसा लाग्ने, रिङ्गटा लाग्ने, लगातार वाकवाकी आउने वा झाडापखाल लागिरहने, हात खुट्टा सुन्निने र छातीको पछाडिपट्टिको भाग सुन्निने गर्छ ।

नेपालमा अहिले वर्षेनि ३ हजार जनाको मिर्गौलाका रोगी थपिने गरेको सरकारी तथ्यांक छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जका प्राध्यापक डा. प्रेम ज्ञवालीका अनुसार नेपाल एकमात्र त्यस्तो देश हो जहाँ हेमो डायलासिस र मिर्गौला प्रत्यरोपण निःशुल्क गर्ने गरिन्छ । यद्यपि नियमित डायलासिसको लागि भनेर तोकिएकाबाहेक अन्य अस्पतालमा आकस्मिक डायलासिस गर्दा भने शुल्क लाग्ने गर्छ । विश्व मिर्गौला दिवसको अवसरमा प्रा.डा. ज्ञवालीलाई मिर्गौला रोग र यसको रोकथाको विषयमा हामीले ४ प्रश्न सोधेका छौं ।

**बाबुआमालाई मिर्गौला रोग छ भने बच्चामा त्यो सर्ने जोखिम कति हुन्छ ?**

अहिले नेपालमा देखिएका मिर्गौला रोगको अवस्थालाई विश्लेषण गर्दा ४ किसिमबाट मिर्गौला रोग बल्झिएको देखिन्छ । पहिलो मधुमेह रोग लागेका मान्छेले गर्ने हेलचेक्र्याइँ हो । मधुमेहका रोगीले आफ्नो समस्यालाई बेवास्ता गर्दा मिर्गौला रोग समेत निम्तिन सक्छ । दोस्रो रक्तचापका बिरामीले नियमि औषधि सेवन नगर्नु पनि यो समस्याको कारण हो । कतिपयले अलिकति सुधार हुनेबित्तिकै औषधि खान छाड्ने गरेको देखिन्छ । जुन पछि गएर मिर्गौला रोगको कारण बन्न सक्छ । नेपालमा पत्थरीका बिरामीहरुमा समेत मिर्गौलाको समस्या देखिएको छ । संख्याको हिसाबमा हेर्दा पत्थरीका रोगीमा मिर्गौला खराब हुने कारण तेस्रो स्थानमा आउँछ । प्रश्नमा भनिए जस्तो बाबु आमालाई मिर्गौलाको समस्या हुँदा छोराछोरीमा पनि यो समस्या देखिएका उदाहरण धेरै पाइन्छ । जन्मँदै मिर्गौलामा समस्या बोकेर जन्मिनुलाई पोलिसिस्टिक किड्नी डिजिज भनिन्छ । संख्याको आधारमा यसलाई चौथो कारणको रूपमा लिन सकिन्छ ।

**मिर्गौला रोग कस्तो अवस्थामा डरलाग्दो हुन्छ र कस्तो अवस्था सामान्य हुन्छ ?**

मिर्गौला फेल हुने समस्या आफैंमा डरलाग्दो कुरा हो । मिर्गौला रोग पत्ता लगाउने दुई वटा विधिहरु हुन्छन् । एउटा त यसमा लक्षण देखिन्छन्, त्यसपछि उपचार गराउन गइन्छ भने अर्को पूरै मिर्गौला खराब भइसक्दासम्म पनि यसमा लक्षण नदेखिन सक्छ । तर पनि मिर्गौलाले कामै नगर्ने अवस्थामा पुगिसकेको हुन सक्छ । त्यसैले आफूलाई केही पनि समस्या छैन भने पनि वर्षको एकपटक मिर्गौला रोग छ कि छैन भनेर परीक्षण गरिरहनु पर्छ । अर्कोकुरा मधुमेह र रक्तचापका बिरामीहरूले गर्ने लापरबाही पनि खतरनाक नै हुने गर्छ । त्यसैले यस्ता दीर्घरोगीहरूले नियमित औषधि खाने र बेलाबेलामा त्यसको परीक्षण समेत गरिरहुनपर्छ ।

*बाँकी ३ पेजमा*

# शिव र शिवरात्री

विश्वनाथ खरेल



शिवरात्री विश्वभरका हिन्दु धर्मावलम्बीका लागि महान् दिन हो । ब्रह्मान्डका सृष्टिकर्ता, सम्पूर्ण प्राणीका स्थितिकर्ता र जीवनको भोग सिद्धिएपछि संहारकर्ता परमात्मा शिव आर्यावर्तको परमपावन नेपालभूमिमा अवतरण हुनुभएको दिनलाई शिवरात्री पर्वका रुपमा भक्तिभावपूर्वक पूजा, आराधना, उपवास, जाग्राम बसेर मनाइन्छ ।

सम्पूर्ण प्राणीको पालक, रक्षक, भगवान्, शिव अलौकिक र शाश्वत हुनुहुन्छ । अजन्मा भएर पनि उहाँले प्राणीको हित साधना गर्न धरातलमा भोलेबाबाका रुपमा भक्तहरुलाई दर्शन दिनु हुन्छ । सबैको कल्याण गर्ने भगवान् शिव नै पशुपतिनाथ, विश्वनाथ, रूद्र, शंकर, अनेक नाम र अनेक रुपमा यस धर्तीमा प्रकट हुनुभएको छ । पशुरूपि हामी मानवका उहाँ पति अर्थात् मालिक हुनुहुन्छ, त्यसैले उहाँको नाम पशुपतिनाथ भयो । यस विश्वकै मालिक भएकाले उहाँ विश्वनाथ हुनुभयो ।

आफ्ना भक्तले जे मागे पनि दिने भएकाले उहाँ भोलेनाथ हुनुभयो र पापी अन्यायी, अधर्मीलाई उनीहरुले गरेका कुकर्मको सजाय दिने भएकाले उहाँ उनीहरुका लागि काल, महाकाल र रूद्र बन्नुभएको छ । यसर्थ, श्रीपशुपतिनाथको ठूलो महिमा छ । श्रीपशुपतिनाथको स्तुति, पूजा, आराधना, मन्त्रको जप र यिनको महात्म्यबारे बेद, पुराण, धार्मिक साहित्यिक र तान्त्रिक ग्रन्थमा अति विस्तृत रुप पाइन्छ । हाम्रो हिन्दु समाजमा पनि परापूर्वकालदेखि नै शिवजी पूजाआजा, उपासना गर्ने चलन आजसम्म कायमै छ । नेपालका साथै भारतलगायत विश्वका हिन्दुहरुको बाहुल्य भएका क्षेत्रका शिवमन्दिर, शिवालय, शिवलिंगेश्वर, ज्योतिर्लिंगेश्वर आदि स्थानमा यस पर्वमा असंख्य भक्तजनको भीड लाग्ने गर्दछ ।फाल्गुन कृष्ण चतुर्दशीमा महाशिवरात्री पर्व काठमाडौंस्थित पशुपतिनाथको मन्दिरमा ठूलो महत्वका साथ सम्पन्न गरिन्छ । भारतलगायत विश्वका विभिन्न राष्ट्रबाट र स्वदेशमा साधु–सन्त, महन्थ, भक्तजन शिवरात्री पर्वमा पशुपतिनाथको पूजा–आराधना गर्दछन् । दर्शनार्थ प्रत्येक वर्ष असंख्य नरनारी काठमाडौं पशुपति क्षेत्रमा मेला हुने गर्दछन् । महाशिवरात्रीका दिन पशुपतिनाथको शोडषोपचारले विधिपूर्वक पूजा–आराधना गरिन्छ । सन्तका लागि शिव र दुष्टका लागि महाकालका रुपमा रहनुभएका परमपिता परमेश्वर शिवको नाम स्मरण, आराधना, पूजा, महिमागानले व्यक्ति व्यक्तिले शिव, शिव मात्र भने पनि सम्पूर्ण समाजको भलाइ हुन्छ र जीवमध्ये सर्वश्रेष्ठ मानवजातिले आ˜नो मात्र होइन अन्य प्राणीको पनि भलाइ गर्न सक्दछ । मानवले सत्कर्म गरेमा सद्बुद्धि मिल्दछ र बृद्धिमतापूर्वक गरिएको कामबाट सम्पूर्ण समाजको भलाइ हुन्छ ।

वर्तमान विश्वमा मानिस भौतिक सुखको पछाडि आँखा चिम्लेर दौडदा अँध्यारो कुवामा खसेको पत्तै पाउँदैन । भौतिकवाद विनाशवाद हो भन्ने धेरैलाई ज्ञान नभएकाले भौतिक सुखमा नै सम्पूर्ण मानव लालयित भइरहेका छन । वास्तवमा भौतिक प्रविधिले मानवलाई क्षणिक सुख र तुष्टि मात्र दिन्छ, यो क्षणिक र नाशवान् छ । आध्यात्मिक ज्ञानको अभावमा मानिस पशुभैंm भएका छन् । उनीहरु उचित र अनुचित छुट्याउन सक्तैनन् । यसर्थ समाजमा कलह, हिंसा, अशान्ति फैलिरहेको छ । आध्यात्मिक ज्ञानले परिपूर्ण मानव समाजमा अभाव र अशान्तिको स्थानै रहँदैन ।भगवान् शिवको स्वरुपको दर्शन पाएका सन्त, तपस्वी, यशस्वी महापुरूषले उहाँको परिकल्पना गरेका छन् । हामी प्राणीसँग दुई ओटा चर्मचक्षु त छ तर, तेस्रो ज्ञानचक्षु छैन । ज्ञानचक्षुको अभावमा नै हामी यस नाशवान् संसारमा एक दिन नाश हुने शरीरका लागि सुखशयल, आरामको खोजीमा अनमोल जीवन गुमाउँछौं । यसमा कुनै सार्थकता छैन । शिवको तेस्रो नेत्रको आराधना गरेमा हामीलाई ज्ञानको ढोका खुला हुन्छ र क्षणिक संसारको आभास मिल्दछ । हामीलाई शाश्वत शान्तिको ढोका हो भन्ने तथ्यलाई आज शिवरात्रीको दिनमा हामीले स्मरण गर्न सकेमा हामीलाई परम शान्ति हुन्छ । शिवले सबैलाई सद्बुद्धि दिनुहुन्छ र पनि मानिसले त्यसलाई प्रयोग गर्न नजानेर दुःखको जञ्जालमा फसिरहेका छन् । आजका युवा सही ज्ञानको अभावमा विनाशकारी बाटोतर्फ अग्रसर हुँदै छन् । यो उनीहरुको दोष होइन । सामाजिक संरचना, शैक्षिक स्थिति र समुचित मार्गदर्शन नपाएर युवावर्ग क्षणिक सुखका लागि लागूपदार्थको दुर्व्यसनी बनेका छन् ।

लागूपदार्थले एक देशको मात्र होइन, विश्वका युवावर्गलाई आफ्नो दास बनाइसकेको छ र दिनानुदिन यो क्रम बढ्दो छ । युवावर्गलाई समुचित शिक्षा दिएर अभिभावकले सत्मार्ग देखाएर, भौतिकवाद र अध्यात्मवादबारेमा यथेष्ट ज्ञान गराएर कुलतबाट छुटकारा दिलाउन सकिन्छ । सही ज्ञानको अभावमा युवावर्ग पथभ्रष्ट भएका हुन् ।

प्रत्येक साल फागुन कृष्ण चतुर्दशीको दिन महाशिवरात्री पर्व मनाइन्छ । शिवलाई यजुर्वेदमा स्पष्ट रुपमा वर्णन गरेर उनलाई वैदिक देवताको रुप प्रदान गरिएको पाइन्छ । यसर्थ शिवजीको आराधना प्राचीन कालदेखि नै भएको बुझिन्छ । हाम्रा आराध्य देव शिवजीलाई तन, मन, धनले श्रद्धा गर्छौं । जसमा शंकर, महेश, पशुपति, रूद्र, भोलानाथ, भोलेबाबा, महादेव, शम्भु, कैलाशपति, गिरिराज, नीलकण्ठ आदि छन् । हामी उनलाई 'पशुपति'को संज्ञाले बडो श्रद्धा गर्दछौं । सारा नेपाली चाहे हिन्दु होऊन् वा बौद्ध सबै पशुपतिनाथको मन्दिरमा गएर श्रद्धा भक्तिपूर्वक आराधाना गर्दछौं ।यस महान् पर्वमा नेपाली मात्र नभएर छिमेकी मुलुक भारतका असंख्य श्रद्धालु भक्तजनको घुँइचो लाग्दछ । 'पशुपति क्षेत्र'ले गर्दा नेपालको धार्मिक क्षेत्रका गौरवगाथालाई विश्वभरि चिनाउँछ । विशाल सगरमाथाको काखमा रहेको पुण्यभूमि नेपालमा हिन्दूधर्मको प्रधानता छ । यसरी प्राचीन नेपालमा पशुपतिनाथको अति नै महत्वपूर्ण स्थान हुनुका साथै पशुपतिको चर्चा टाढा–टाढासम्म हिन्दुहरुको बढ्दो धार्मिक प्रचार एवं प्रभाव सहन नसकी हिन्दु धर्मलाई नष्ट गर्ने उद्देश्यले तत्कालीन बंगालका सुलतान समसुद्दीनद्वारा सन् १३४६ अर्थात् विसं १४०९ मार्गमा काठमाडौं उपत्यकाभित्र आक्रमण गरी विभिन्न हिन्दु र बौद्ध गुम्बा, मठ–मन्दिरका अतिरिक्त पशुपतिनाथको मूर्तिलाई तीन टुक्रा पार्ने तथा अन्य मन्दिर देवालय, बौद्धस्तुप भत्काउने, बिगार्ने कार्यजस्ता निन्दनीय कार्यद्वारा प्रशस्त धन–सम्पति लुटी काठमाडौं उपत्यकामा हाहाकार मच्चाइ ध्वंसात्मक कार्य गरी हिन्दूधर्मको उपहास गरेका थिए ।

हलाहल विषलाई पिएर सम्पूर्ण ब्रह्माण्डको रक्षा गर्ने भगवान् शंकर सम्पूर्ण जीवका अधिष्ठाता हुनुहुन्छ । सबैको कल्याण गर्न उहाँले हलाहल जस्तो विषपान गर्नुभएको हो । समाजका अहितकारी वस्तुहरु जस्तो कि, सबै लागूपदार्थ हामी शिवलाई समर्पण गरौं । शिवले हामीलाई त्यसबाट रक्षा गर्नुहुन्छ । हिन्दुहरु नेपालमा मात्र होइन विश्वभरि छन् । त्यसैकारण महाशिवरात्रीको पर्व नेपालमा मात्र होइन, विश्वका विभिन्न देशमा पनि बडो उत्साह, उमंग र भक्तिभावपूर्वक मनाइन्छ । यस दिन भोलेबाबाको शोडषोपचारको विधिले पूजा अर्चना गरिन्छ । आह्वान, आसन, पदय, अर्घ्य, आचमन, स्नान, वस्त्र, उपवित, गन्धपुष्प, धूव दीप, नैवेद्य, तामूल, दक्षिणा, आरती, प्रदक्षिणा आदि गरिन्छ ।

यस अवसरमा श्रद्धालुहरु उपवास बस्दछन् । ती उपवास बस्नेहरु र अन्य भक्तजन मन्दिर अधिल्तिर भजनकीर्तन गरी भगवान्मा लिहिन भएका हुन्छन् । त्यसै दिन टुँडिखेलमा नेपाल सरकारको उपस्थिति भई देशवासीको नाममा शुभेच्छा प्रकट गर्ने कार्यक्रम परम्परा अद्यावधिक नै कायम छ । समाजका सबैजसो अरिष्टलाई अँगाल्ने र गरिष्ठपदार्थ प्राणीलाई दिने भगवान् शिवको महिमा गाउने आजको दिनमा युवावर्गले सत्मार्गमा अग्रसर हुने प्रण गर्नु उनीहरुका लागि मात्र होइन समाज र देशका लागि नै हितकर हुनेछ । भगवान् शिवले सबैलाई सद्बुद्धि दिएर रक्षा गरुन् । यसबाट नै सम्पूर्ण प्राणी मात्रको कल्याण हुने कुरामा कसैको पनि दुईमत नहोला ।*साभार राजधानी डेली डटकमबाट*

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- इच्छा र आकांक्ष पूर्ण हुनेछन् । छोटो दुरीको लाभदायक यात्रा हुनेछ । मित्र वा आफन्तको सहयोग मिल्नेछ । तिर्थाटनको योग पनि छ ।

**वृष** :- गरेका कार्यमा ढिलासुस्ती हुनेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । प्रेमप्रसङ्गमा समेत नरमाइलोपन आउनसक्छ ।

**मिथुन**:- शुभकार्यको चर्चा चल्नेछ । शत्रुमाथि विजय प्राप्त हुनेछ । कलकारखाना र बन्दव्यापारमा फाइदा हुनेछ । सांस्कृतिक क्षेत्रमा रूची बढ्नेछ ।

**कर्कट** :- आज आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिने छ । नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ ।

**सिंह**:- आज आफन्तको प्रगतिमा मन रमाउनेछ । विचार, विद्या र बुद्धिको विकास हुनेछ । व्यावसायिक काममा राम्रै फड्कोमार्न सकिनेछ ।

**कन्या** :- आज दबाब र तनाव बढेको महसुस हुनेछ । प्रेमी प्रेमिकाका बिच खिन्नता बढ्नेछ । मनमा निरासा र शरीरमा आलस्य आउन सक्छ ।

**तुला** :- आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बौद्धिकताको विकास हुनेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**वृश्चिक** :-महिलावर्गबाट विशेष सहयोग मिल्नेछ । नयाँ सामान हात पर्ने र शिक्षामा सफलता मिल्नेछ । आर्थिक कारोवारमा सफलता पाईएला ।

**धनु** :- आज प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेकोछ । कूटनीतिक नियोगको सहयोग मिल्ला । पुनर्मिलनको योग पनि रहेको छ ।

**मकर**:- एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार आउन सक्छ ।

**कुम्भ**:- कला र गलाको प्रभाव बढ्नेछ । सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । धर्म र कर्ममा मन पनि लाग्नेछ ।

**मिन** :- नयाँ–नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । लगनशीलताले कामहरू अगाडी बढ्नेछन । मान प्रतिष्ठामा बृद्धि होला । विपरीत वर्गप्रति आकर्षण बढ्नेछ ।

# शिवालयमा भक्तजनको भीड

महाशिवरात्रीका अवसरमा सिरहा, सप्तरीलगायत तराईका जिल्लाहरूमा रहेका शिवालयमा भक्तजनको भीड लाग्यो ।



सिरहाको सारस्वरनाथ महादेव स्थान लगायत शिवालय, लहानको शिव मन्दिर, काम्रेपानी महादेवस्थान लगायत सप्तरीको राजविराजस्थित हरिनन्देश्वर महादेव मन्दिरमा पूजा गर्न बिहानैदेखि भक्तजनको घुइँचो लागेको थियो । यसैगरी, शम्भुनाथ नगरपालिकास्थित शम्भुनाथ मन्दिर, कञ्चनरूप नगरपालिकास्थित शिवपार्वती मन्दिर, पातोको डाकनेश्वरी मन्दिर, हनुमाननगरको शिव मन्दिर तथा फत्तेपुरस्थित शिवालयमा पनि भक्तजनको घुइँचो लागेको थियो । जनकपुर र आसपासका शिवालयमा पनि दर्शनार्थीहरूको भीड लाग्यो । शिवचोकस्थित शिव मन्दिर, गंगासागरस्थित भुतनाथ, कपिलेश्वरनाथ महादेव, कुपेश्वरनाथ महादेव, क्षिरेश्वरनाथ महादेव, सतोषरस्थित महादेव मन्दिर, सीमावर्ती क्षेत्रको कल्याणेश्वरनाथ महादेव, महोत्तरीको जलेश्वरस्थित जलेश्वरनाथ महादेव मन्दिरमा भक्तजनको भीड लाग्यो ।

## सिमेन्ट...

अनाजसमेत बाहिर सुकाउन पाउँदैनन्, धुलोले मान्छे बिरामी पर्दै छन्, यसलाई व्यवस्थित नगरिए मान्छे बिरामी पर्ने क्रम बढ्दै जान्छ ।'

यहाँ अवस्थित दुवै सिमेन्ट उद्योगका लागि भित्री खानीबाट प्रतिदिन झण्डै १ हजारवटा टिपर चुन ढुंगा बोकेर आउँछन् । यसमध्ये मारुती सिमेन्ट उद्योगका लागि मात्रै दैनिक ६ सयभन्दा बढी टिपर आउनेजाने गरेका छन् । सौर्य सिमेन्ट उद्योगले भर्खरै परीक्षण थालेकाले यसका टिपर भने ४ सयको हाराहारीमा दैनिक गुड्छन् ।

चुन ढुंगाको धुलोको कण उड्दा राजमार्गमा हुने मानिसलाई मास्क लगाउनुपर्ने बाध्यता छ भने राजमार्गवरिपरिका घरमा समेत बिनामास्क बस्न सक्ने अवस्था छैन । 'राजमार्गवरिपरि आधा घण्टा बसियो भने बिरामी परिन्छ,' स्थानीय रामेश्वर यादवले भने, 'सम्बन्धित निकायले यो आतंक न्यूनीकरण गर्न समयमै ध्यान दिन जरूरी छ ।' दिनमा मात्रै नभई रातिको समयमा पनि बाक्लो संख्यामा टिपर गुड्दा सडक आसपासमा निन्द्रासमेत बिच्किने गरेको स्थानीय बताउँछन् । निरन्तर रूपमा टिपरको आवतजावत हुँदा धुलोले सर्वसाधारणलाई असर पर्ने गरेको ड्युटीमा खटेका एक प्रहरीले बताए ।

जब टिपर चल्न थाल्छ, तब बढ्न थाल्छन् रूघाखोकीका बिरामी

खानी जानका लागि जोखिमपूर्ण पहाडको बाटो भएकाले झरीको सिजनमा टिपर चल्दैनन् । यसबाहेकका महिनामा टिपरका लस्कर आउनेजाने क्रम जारी रहन्छ । जब टिपर बन्द हुन्छ, तब स्थानीय अस्पतालमा रूघाखोकीका बिरामी पनि कम आउँछन् । तर, जब टिपर चल्न सुरु हुन्छ, तब स्थानीय अस्पतालमा रूघाखोकीका बिरामी बढ्न थाल्छन् । पछिल्लो समय पनि यहाँका अस्पतालमा रूघाखोकीका बिरामी बढेको पाइएको छ । टिपर चल्न थालेदेखि रूघाखोकीका बिरामीको संख्यामा ह्वात्तै वृद्धि भएको स्थानीय अस्पतालका चिकित्सक बताउँछन् ।

अस्पतालमा अचेल आउने बिरामीमध्ये अधिकांश रूघाखोकीकै बिरामी देखिएको प्राथमिक स्वास्थ्य केन्द्र मिर्चैयाका प्रमुख डा. विनोदकुमार मण्डलले बताए । 'दिनमै हजारभन्दा बढी टिपरको आवतजावत हुन्छ, सडक पनि जीर्ण अवस्थामा पुगेको छ, त्यसैले धुलो उड्नु स्वाभाविक नै हो,' उनले भने, 'यसकारण स्थानीयमा रूघाखोकीका समस्या बढेको देखिएको हुन सक्छ ।'

चुन ढुंगाका साना कण सीधै फोक्सोमै गएर बस्ने भएकाले यसले मानिसमा एलर्जी, निमोनिया, रूघाखोकीजस्ता समस्या निम्त्याउने गरेको डा. मण्डल बताउँछन् ।

ओभरलोडले खाल्डा परे सडक

टिपर आतंकबाट सर्वसाधारण मात्रै प्रभावित छैनन्, ओभरलोड बाकेर हिँड्ने टिपरले सडकको कालोपत्रे पनि अलपत्र अवस्थामा पुगेको देख्न सकिन्छ । यो सडकमा हिँड्ने टिपरको लोड क्षमता १० टन छ । तर, उनीहरूले २० टनसम्म लोड बोकेर हिँड्ने गरेका छन् । सिमेन्ट उद्योगले टनको हिसाबले भाडा र चालकलाई भत्ता दिने गरेका छन् । यस कारण पनि टिपरवालाहरूले दोब्बरसम्म लोड ओसार्ने गरेका छन् ।

यसरी दिन र रात निरन्तर रूपमा 'ओभरलोडेड' टिपर चलेको चल्यै गर्दा सडक फुटेर चिराचिरा परेको छ । टिपरले लोड क्षमताभन्दा पनि दोब्बर लोडमा क्लिंकर ढुवानी गर्दा राजमार्गको अधिकांश ठाउँको कालोपत्रे उप्किएर खाल्डा परेका छन् ।

सिमेन्ट उद्योगको चुन ढुंगा ल्याइने भित्री पहाडको खानीदेखि सिमेन्ट उद्योगसम्मको साना र ठूला राजमार्गको दुर्दशा उस्तै छ । यसरी यी सिमेन्ट उद्योगले मनोमानी ढंगले टिपरमार्फत क्लिंकर ढुवानी गराउँदा सडकको दुर्दशा त भएको छ नै, सडकको धुलोले समेत जनजीवन प्रभावित छ ।

टिपरको संख्या बाक्लो हुँदा एम्बुलेन्सलगायत अन्य अत्यावश्यक सवारी पनि सहजै गन्तव्यमा पुग्दैनन् । 'टिपरको लस्करका कारण बाटोमा सर्वसाधारणलाई बाटो काट्नसमेत समस्या हुन्छ,' एक स्थानीयले भने, 'अरू सवारीसमेत गुडाउन गाह्रो छ ।'

सवारीको चाप र त्यसले निम्त्याउने दुर्घटनाका कारण अनुसन्धान र व्यवस्थापनमा जुट्न समस्या भएको ट्राफिक प्रहरी बताउँछन् । टिपरले उडाउने धुलोका कारण ड्युटी गर्नसमेत समस्या हुने गरेको मिर्चैयाका ट्राफिक प्रमुख खिलराज खतिवडाको गुनासो छ । सम्बन्धित निकायले यसको न्यूनीकरणका लागि अब ढिला गर्न नहुने स्थानीयको सुझाव छ ।

## जथाभावी...

मिर्गौला रोग लागेकाहरूले कस्तो अवस्थामा डायलासिस गर्ने र कस्तो अवस्था प्रत्यारोपण गर्ने ?

मिर्गौला रोग लागिसकेपछि सकेसम्म जतिसक्दो चाँडो मिर्गौला प्रत्यारोपण गर्नुपर्छ । डायलासिस गर्ने विधि आफैँमा उपयुक्त होइन । यो मिर्गौलामा समस्या भएपछि मिर्गौला प्रत्यारोपण गर्नुपूर्वको बीचको समयमा गर्ने अस्थायी उपचार विधिमात्रै हो । यदि कहिलेकाहीँ मिर्गौला प्रत्यारोपण गर्न मिर्गौला दिने मान्छे भएन भने त्यस्तो अवस्थामा डायलासिस गर्नुपर्छ । अन्यथा बिरामीले सकेसम्म डायलासिसभन्दा प्रत्यारोपणलाई बढी प्राथमिकता दिनुपर्छ । सकिन्छ भने डायलासिस नगर्दै प्रत्यारोपण गर्नु उपयुक्त हुन्छ ।

मिर्गौला रोग लाग्न नदिन र लागेपछि अपनाउनुपर्ने सावधानी के-के हुन् ?

मिर्गौला रोग लाग्ने नदिनको लागि सबैभन्दा ठूलो कुरा त हामीले सुगर, प्रेसर जस्ता दीर्घरोगबाट बच्नुपर्छ । यी समस्याबाट सबैभन्दा धेरै मिर्गौलामा समस्या देखिने गरेकोले यी समस्या भएका बिरामीले नियमित औषधि लिने, जीवनशैलीमा ध्यान दिने र समयसमयमा परीक्षण गरिरहनुपर्छ । सबैभन्दा ठूलो कुरा जहिलै पनि पेनकिलर खाने काम बन्द गर्नुपर्छ । सामान्य मान्छेले पनि सधैं पेनकिलर खाइरहँदा मिर्गौलामा हानि पुगिरहेको हुन सक्छ । साथै, मिर्गौला रोगको कहिलेकाहीँ लक्षण नदेखिने भएकोले नियमित स्वास्थ्य परीक्षण गराइरहनु पनि अनिवार्य हुन्छ ।

*साभार अनलाईनखबरबाट*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६३०१५ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |
| पञ्चदेवी टेक्निकल ईन्टिच्युट लहान | ०३३-५६५४६८ ९८१६७३७३३१ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगव्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसाय गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

लहान नगरपालिका कार्यालय, सिरहा
कर्जन्हा नगरपालिका कार्यालय, सिरहा
मिर्चैया नगरपालिका कार्यालय, सिरहा
सुखिपुर नगरपालिका कार्यालय, सिरहा
कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

# किन मुख्य सत्ता सर्त बन्दैछन् रेशम चौधरी ?

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारसँग सत्ता गठबन्धन गर्न जनता समाजवादी पार्टीले रेशम चौधरीको रिहाइलाई मुख्य सर्त बनाएपछि उनी राष्ट्रिय राजनीतिमा फेरि चर्चामा छन् ।

आखिर को हुन् रेशम चौधरी ? किन जसपाले उनको रिहाइलाई मुख्य शर्त बनायो ? उनको रिहाइ सोचेजति सजिलो छ ? हामीले यी प्रसंगहरू केलाएका छौं ।

दुई बर्ष अगाडिको कुरा हो । तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा)ले समर्थन फिर्ता लिने र आन्दोलनमा उत्रने चेतावनी दिएपछि प्रधानमन्त्री ओलीले टीकापुर घटनामा पुर्पक्षका लागि थुनामा रहेका रेशम चौधरीलाई डिल्लीबजार कारागारबाट सिंहदरबार पुगेर सांसदको सपथ लिने अवसर जुटाइदिए ।

१९ पुस २०७५ मा रेशमको सपथ गराउँदा प्रधानमन्त्री ओलीले नेतृत्व गरेको पार्टी नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को संसदमा झण्डै दुई तिहाई बहुमत थियो ।

एमाले र माओवादी केन्द्र कित्तामा विभाजित भएपछि अहिले प्रधानमन्त्री ओली नेतृत्वको सरकार संकटमा छ र कुनै पनि बेला माओवादी केन्द्रको पहलमा अर्को गठबन्धन बन्न सक्छ । त्यसैले उनी आफ्नो नेतृत्वको सरकार बचाउन एक मात्र अस्त्रको रूपमा जनता समाजवादी पार्टी (जसपा) लाई रिझाउन खोजिरहेका छन् । त्यसको केन्द्रमा छन्, जन्मकैदको सजाय भोगिरहेका सांसद रेशम चौधरी ।

जसपा नेताहरूले उधारो आश्वासनले मात्रै हुन्न, पहिला रेशमलाई रिहा गर, अनि सरकारलाई समर्थन दिने सम्बन्धमा सोच्न सकिन्छ भनिरहेका छन् । अहिले रेशमको रिहाइलाई किन मुख्य शर्त बनाउँदैछ जसपा ?

जसपा नेताहरूका अनुसार तीनवर्षअघि सरकारलाई समर्थन गर्दा पनि प्रधानमन्त्री ओलीले रेशम लगायतका आन्दोलनकारीहरूको रिहाईसहितका माग पूरा गर्ने आश्वासन दिएका थिए । तर, मुद्दाको फैसला नभएको अवस्थामा पनि सांसद पदको सपथ दिलाउन चौधरीको पार्टी तत्कालिन राष्ट्रिय जनता पार्टी राजपाले सरकारलाई दिएको समर्थन छाड्ने चेतावनी दिनुपरेको थियो ।

अहिले त कैलाली जिल्ला अदालतले गरेको जन्मकैदको फैसला उच्च अदालतले सदर गरिसकेको छ । त्यसैले सरकारलाई साँच्चिकै अप्ठ्यारो परेको अवस्थामा बाहेक माग सम्बोधन हुने सम्भावना कानुनी दृष्टिले पनि न्यून छ ।

त्यहीकारण सरकारलाई समर्थन गर्न प्रधानमन्त्रीले गरेको आग्रहमा रेशमको रिहाइ पूर्वसर्त बनेको जसपा नेताहरू बताउँछन् । टीकापुर घटनामा रेशम लगायतलाई दोषी ठहर गर्नु अधिकार र पहिचानको आन्दोलनलाई दण्डित गर्नु भएको मत राख्ने जसपा वरिष्ठ नेता राजेन्द्र महतो भन्छन्, 'जबसम्म नश्लवादीहरू शासकहरूको स्वार्थमा धक्का लाग्दैन, तबसम्म जनतालाई न्याय दिंदैनन् । यो पटक स्वार्थमा धक्का लाग्ने अवस्था छ ।'

**के हो टीकापुर घटना ?**

प्रदेश विभाजनको विरोधमा थरूहट आन्दोलन चर्किएको बेला ७ भदौ २०७२ मा टीकापुरमा भएको विरोध प्रदर्शन हिंसात्मक बनेको थियो । सो घटनामा नेपाल प्रहरीका वरिष्ठ प्रहरी उपरीक्षक लक्ष्मण न्यौपानेसहित ८ सुरक्षाकर्मी र एक बालकको ज्यान गएको थियो । यसको भोलिपल्ट टीकापुर क्षेत्रमा थुप्रै थारू समुदायका व्यक्तिका घर जलाइएको थियो र सम्पति नष्ट गरिएको थियो ।

प्रहरी प्रशासनले हत्या घटनाका मुख्य योजनाकार रेशम चौधरी, लक्ष्मण थारूलगायतका नेताहरूलाई मान्यो । टीकापुरमा रेडियो र रिसोर्ट चलाइरहेका रेशम तत्कालीन सद्भावना पार्टीमा आवद्ध थिए ।

घटनापछि फरार भएका रेशम २०७४ को आम चुनावमा राजपाबाट कैलाली क्षेत्र नम्बर १ बाट उम्मेदवार बने र ३४ हजार ३४१ मतसहित निर्वाचित भए । वारेसमार्फत चुनाव जितेको प्रमाणपत्र लिने प्रयास असफल भएपछि उनले १४ फागुन २०७४ मा जिल्ला अदालतमा आत्मसमर्पण गरे ।




*कैलाली जिल्ला अदालतले गरेको जन्मकैदको फैसला उच्च अदालतले सदर गरिसकेको छ । त्यसैले सरकारलाई साँच्चिकै अप्ठ्यारो परेको अवस्थामा बाहेक माग सम्बोधन हुने सम्भावना कानुनी दृष्टिले पनि न्यून छ ।*

पुर्पक्षका लागि थुनामा रहेका बेला सांसद पदको सपथ लिएका उनीसहित ११ जनालाई कैलाली जिल्ला अदालतले २२ फागुन २०७५ मा जन्मकैदको सजाय सुनायो । उच्च अदालत, दिपायलले ३ पुस २०७७ मा केहीको सजाय उल्टी गरेपनि रेशमको जन्मकैदलाई सदर गऱ्यो । यसविरूद्ध परेको पुनरावेदन सर्वोच्च अदालतमा विचाराधीन छ ।

**कति सहज छ रेशमको रिहाई ?**

सरकारले जसपाको समर्थन लिन जति सहज रूपमा रेशमलाई रिहा गर्ने आश्वासन दिइरहेको छ, त्यति सजिलो नरहेको कानूनका जानकारहरू बताउँछन् ।

फौजदारी कानुनका जानकार अधिवक्ता सुनील पोखरेलका अनुसार चौधरीलाई जेलबाट छुटाउन दुईवटा बाटा छन् ।

**पहिलो,** राष्ट्रपतिबाट कैद सजाय मिनाहा ।

यसका लागि मुद्दाको अन्तिम किनारा लागेको हुनुपर्छ । रेशमको हकमा सर्वोच्च अदालतमा परेको पुनरावेदन फिर्ता हुनुपर्छ वा अन्तिम फैसला आउनुपर्छ । त्यसपछि सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले रेशमको बाँकी कैद सजाय मिनाहा गर्न सक्छिन् ।

माओवादी सशस्त्र द्वन्द्वकालमा भएको ओखलढुंगाका उज्जन श्रेष्ठ (भुवन) को हत्यामा दोषी ठहर भएका बालकृष्ण ढुंगेलले पनि यसरी नै कैद मिनाहा पाएका थिए । यदि रेशमको बाँकी कैद सजाय यसरी नै मिनाहा भयो भने उनी दोषी ठहर भएको अभियोग हट्दैन ।

त्यस्तो अवस्थामा सांसद भइरहन अयोग्य हुन सक्छन् । किनकी नेपालको संविधानको धारा ८७ मा सांसदको योग्यतामा 'नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको' हुनुपर्ने उल्लेख छ ।

**दोस्रो,** रेशममाथि लागेको अभियोग नै फिर्ता लिने ।

यो बाटो भने सहज नभएको अधिवक्ता पोखलेल बताउँछन् । यसका लागि सर्वोच्च अदालतले कुनै कारण देखाएर यो मुद्दा फेरि जिल्लामा पठाउनुपर्छ । र, सरकारले अदालतसँग अनुमाति लिएर मात्रै मुद्धा फिर्ता लिनसक्छ । यो प्रक्रिया लामो हुने भएकाले जसपा नेताहरूले चाहेजस्तो तत्काल रेशम छुट्न सम्भव हुन्न । सबै प्रक्रिया पुऱ्याएर अभियोग फिर्ता लिने हो भने घटनाका पीडित पक्षबाट मुद्दा पर्ने सम्भावना हुन्छ । र, सत्य निरूपण तथा मेलमिलापसम्बन्धी एउटा मुद्दामा तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठ नेतृत्वको ५ सदस्यीय इजलासलले ३० पुस २०७२ मा गरेको फैसलामा लागू औषध, बलात्कार, जघन्य अपराधका मुद्दा फिर्ता हुन नसक्ने भनेर फैसला दिएको छ । रेशमको हकमा पनि यो नजीर आकर्षित हुनसक्छ ।

कुनै समय रेशमको मुद्दा हेरेका प्रदेश २ सरकारका मुख्य न्यायाधिवक्ता दीपेन्द्र झा भन्छन्, 'रेशम चौधरीलाई सर्वोच्च अदालतले मात्र सफाइ दिनसक्छ । त्यसको 'ग्राउण्ड' पनि छ । जिल्ला र उच्च अदालतको राय बाझिएको छ र घटना भएको बेला उनी घटनास्थलमा नभएको प्रमाणहरू पनि छन् ।' तर सरकारले के आधारमा उनलाई रिहा गर्छु भनेको छ भन्ने आफूले नबुझेको उनले बताए । राजपा वरिष्ठ नेता महतोले कुन प्रक्रिया पूरा गरेर रिहा गर्ने हो आफूहरूको विषय नभएको बताउँछन् । तर रेशमसहित जेलमा रहेका कैदीबन्दीहरूको रिहा, मुद्दा फिर्ता र संविधान संशोधन विधेयक दर्ता नभएसम्म सरकारलाई समर्थन नगर्ने उनको भनाइ छ । 'केपी ओलीको यही सरकारमा राजपालाई प्राथमिकताका साथ सहभागी हुने प्रस्ताव आएको थियो, तर हामीले यही सर्त राख्यौं । उसले पुरा गरेन र हामी सरकारमा गएनौं, उनी भन्छन्, 'आज त सरकारलाई सहयोग चाहिएको छ । हाम्रो माग पुरा गर, सहयोग गर्छौं । गरेन भने गर्दैनौं ।'

*साभार अनलाईनखबरबाट*

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**बालविवाह, बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निर्माण गरौं । जथाभावी रुख नकाटौं, वातावरणलाई स्वच्छ राखौं । घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं । फागुन देखि वैशाखसम्मको अवधि हावाहुरी बढी आउने समय हो । आगो बाल्दा सुरक्षित ठाउँमा मात्र बाल्ने, सलाई लाइटर, मट्टीटेल आदि ज्वलनशील वस्तु केटाकेटीले भेट्ने ठाउँमा नराखौं । केटाकेटीलाई जथाभावी आगो बाल्दा हुन सक्ने आगलागीका दुर्घटनाहरुबारे सम्झाई-बुझाई गर्ने र यस्ता कुराहरुबाट सजग रहन जनचेतना बढाउने कार्यमा सहयोग गरौं । गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |
| | नरहा गाउँपालिका कार्यालय, सिरहा |




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६४९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)